माडी गाउँकार्यपालिकाबाट मिति २०८३/०४/१५ गते स्वीकृत

# माडी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, घर्तीगाउँ, रोल्पा

## विद्यालय सहायक कर्मचारी (लेखा कर्मचारी) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

### परीक्षा योजना

| पत्र/विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या*अंक | समय |
|---|---|---|---|---|---|
| प्रथम पत्र | ५० | २५ | बस्तुगत वहुबैकल्पिक प्रश्न | २५*२ = ५० | ३० मिनेट |
| द्वितीय पत्र | ५० | २० | विषयगत प्रश्न | ४ प्रश्न*१० अंक= ४० (२ प्रश्न *५ अंक= १० ) जम्मा ५० | १ घण्टा ३० मि. |
| कम्प्युटर सिप परीक्षण | १० | | | | |

### १.(प्रथम चरण: सामान्य परीक्षा)

| क्र.सं. | परीक्षाको किसिम | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न संख्या x अङ्कभार | समय |
|---|---|---|---|---|---|---|
| १ | प्रथम चरण | सामान्य परीक्षा (General Test) | 50 | 25 | 25 x २ = 50 (MCQ) | 30 मिनेट |

| क्र.सं. | पाठ्यक्रमको विषयक्षेत्र | प्रश्न संख्या | अङ्कभार |
|---|---|---|---|
| १ | नेपालको भूगोल (भौगोलिक स्थिति, नदीनाला, ताल, जलवायु र प्राकृतिक स्रोत) | ५ | १० |
| २ | नेपाल ,लुम्बिनी प्रदेश, रोल्पा जिल्ला, माडी गाउँपालिकाको इतिहास, संस्कृति र पर्यटकीय स्थलहरू | ५ | १० |
| ३ | नेपालको आर्थिक विकास (कृषि, उद्योग, व्यापार, पर्यटन र योजना) | ३ | ६ |
| ४ | अन्तर्राष्ट्रिय संघ/संस्था (UNO, सार्क) सम्बन्धि जानकारी | २ | ४ |
| ५ | सामान्य मानसिक दक्षता परीक्षण (GMAT: शाब्दिक, अशाब्दिक र गणितीय तर्कशीलता) | २ | ४ |
| ६ | लेखा,कार्यालय सञ्चालन, चिठीपत्र (दर्ता-चलानी, टिप्पणी, निर्णय लेखन) र अभिलेख व्यवस्थापन | ३ | ६ |
| ७ | सूचना तथा सञ्चार प्रविधि (ICT) र iemis (कम्प्युटर मूलभूत ज्ञान, | ३ | ६ |
| ८ | समसामयिक घटनाक्रम (राष्ट्रिय, प्रादेशिक तथा स्थानीय) | २ | ४ |
| | जम्मा | २५ | ५० |

**द्रष्टव्य**:-
- **ऋणात्मक मूल्याङ्कन:** प्रत्येक गलत उत्तर बापत २०% अङ्क कट्टा गरिनेछ। उत्तर नदिएमा अङ्क कट्टा हुने छैन।
- **उपकरण प्रयोग:** परीक्षामा क्याल्कुलेटर वा अन्य कुनै पनि इलेक्ट्रोनिक उपकरण प्रयोग गर्न पाइने छैन।

माडी गाउँकार्यपालिकाबाट मिति २०८३/०४/१५ गते स्वीकृत

- **छनौट मापदण्ड:** प्रथम चरणमा न्यूनतम ५०% (२५ अङ्क) प्राप्त गर्ने उम्मेदवार मात्र द्वितीय चरणको परीक्षामा सहभागी हुन पाउनेछन्।

## २- दोस्रो विषयगत लिखित परीक्षा

### लिखित परीक्षा (विषयगत)

| क्र.सं. | विषयवस्तुको क्षेत्र | प्रश्न संख्या | अंकभार |
|---|---|---|---|
| १ | लेखाका अवधारणाःलेखाको परिचय/अर्थ, उद्देश्य, कार्य, महत्व, क्षेत्र,लेखा प्रणालीको आधारभूत सिद्धन्त लेखाविधि प्रक्रिया वा चक्र, लेखाविधिका सिद्धान्त तथा नैतिक मान्यताहरु | १ *१० = १०<br>१*५ = ५ | १५ |
| | अभिलेख व्यवस्थापनः अभिलेखको परिचय,उद्देश्य, महत्व, अभिलेखका प्रकार र अभिलेख व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग, पत्रसङ्ग्रह (फाइलिङ) को परिचय, आवश्यकता, विधि एवम् तरिकाहरु, पुस्तकालय व्यवस्थापन | १ | १० |
| | सूचना प्रविधिः कार्यालय व्यवस्थापनमा कम्प्यूटर प्रणालीको आवश्यकता,महत्व, सूचना तथा तथ्याङ्कको विश्लेषण र व्यवस्थापन, इमेल, इन्टरनेट, टाइपिङ, प्रिन्टिङ कार्यको ज्ञान, विद्यालयमा प्रयोग गरिने IEMIS सफ्टवेयर सम्बन्धि आधारभूत ज्ञान: एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) परिचय,आवश्यकता, प्रयोग तथा महत्व | १ | १० |
| | विद्यालय लेखाःसामुदायिक विद्यालयको तलबी माग फाराम, तलबी भरपाईको तयारी, नागरिक लगानी कोष तथा कर्मचारी संचयकोष सम्बन्धि जानकारी एवम् आवश्यक कागजात व्यवस्थापन, जिन्सी सामग्री लेखाङ्कन सम्बन्धि जानकारी | १ | १० |
| | संविधान, ऐन तथा नियमहरुः नेपालको संविधानमा शिक्षा सम्बन्धि व्यवस्था, शिक्षा ऐन तथा नियमावली संशोधन सहित अन्य ऐन तथा नियमहरुः स्थानिय सरकार संचालन ऐन २०७४ मा शिक्षा सम्बन्धि व्यवस्था, | १ | ५ |
| | जम्मा | ६ | ५० |

### ३. कम्प्यूटर सीप परीक्षण पाठ्यक्रमको क्षेत्र, अङ्क विभाजन र समय (पूर्णाङ्कः १०)

| क्र.सं. | पाठ्यक्रमको क्षेत्र / विषयवस्तुको शीर्षक | अङ्क | समय / कैफियत |
|---|---|---|---|
| १ | Nepali (Devanagari) Typing | २.५ | ५ मिनेट (Unicode font) |
| २ | English Typing | २.५ | ५ मिनेट |
| ३ | School IEMIS, Windows Basic, Word processing, Excel Sheet Function, Power Point Presentation, Mail merge, Email & Internet | ५.० | १० मिनेट |

माडी गाउँकार्यपालिकाबाट मिति २०८३/०४/१५ गते स्वीकृत

| | जम्मा | १० | २० मिनेट |
|---|---|---|---|

**अंग्रेजी वा देवनागरी Typing Skill Test को लागि निर्देश तथा अङ्क तालिका:**

१) देवनागरी Typing Skill Test को लागि १५० शब्दहरूको एउटा Text दिइनेछ र देहाय अनुसार अङ्क प्रदान गरिनेछ:

| शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute) | पाउने अङ्क |
|---|---|
| ५ भन्दा कम | ० अङ्क |
| ५ वा सो भन्दा बढी र ७.५ भन्दा कम | ०.५० अङ्क |
| ७.५ वा सो भन्दा बढी र १० भन्दा कम | ०.७५ अङ्क |
| १० वा सो भन्दा बढी र १२.५ भन्दा कम | १.०० अङ्क |
| १२.५ वा सो भन्दा बढी र १५ भन्दा कम | १.२५ अङ्क |
| १५ वा सो भन्दा बढी र १७.५ भन्दा कम | १.५० अङ्क |
| १७.५ वा सो भन्दा बढी र २० भन्दा कम | १.७५ अङ्क |
| २० वा सो भन्दा बढी र २२.५ भन्दा कम | २.०० अङ्क |
| २२.५ वा सो भन्दा बढी र २५ भन्दा कम | २.२५ अङ्क |
| २५ वा सो भन्दा बढी | २.५० अङ्क |

२) English Typing Skill Test को लागि २०० शब्दहरूको एउटा Text दिइनेछ र देहाय अनुसार अङ्क प्रदान गरिनेछ:

| शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute) | पाउने अङ्क |
|---|---|
| ६ भन्दा कम | ० अङ्क |
| ६ वा सो भन्दा बढी र ९ भन्दा कम | ०.५० अङ्क |
| ९ वा सो भन्दा बढी र १२ भन्दा कम | ०.७५ अङ्क |
| १२ वा सो भन्दा बढी र १५ भन्दा कम | १.०० अङ्क |
| १५ वा सो भन्दा बढी र १८ भन्दा कम | १.२५ अङ्क |
| १८ वा सो भन्दा बढी र २१ भन्दा कम | १.५० अङ्क |
| २१ वा सो भन्दा बढी र २४ भन्दा कम | १.७५ अङ्क |
| २४ वा सो भन्दा बढी र २७ भन्दा कम | २.०० अङ्क |
| २७ वा सो भन्दा बढी र ३० भन्दा कम | २.२५ अङ्क |
| ३० वा सो भन्दा बढी | २.५० अङ्क |

माडी गाउँकार्यपालिकाबाट मिति २०८३/०४/१५ गते स्वीकृत

**३) शुद्ध शब्द प्रति मिनेट गणना गर्ने सूत्र:**

Correct Words/Minute = (Total words typed - Wrong words) / 5

## ४. अन्तर्वार्ता र शैक्षिक योग्यता बापतको अङ्क (पूर्णाङ्क: २०)

| क्र.सं. | विवरण | अङ्क |
|---|---|---|
| १ | अन्तर्वार्ता | १५ |
| २ | शैक्षिक योग्यता | ५ |

**शैक्षिक योग्यता बापत अङ्क विभाजन:**

उम्मेदवारको लागि तोकिएको न्युनतम शैक्षिक योग्यताको प्रथम श्रेणी भए ३ अङ्क, द्वितीय श्रेणी भए २ अङ्क

उम्मेदवारको लागि तोकिएको शैक्षिक योग्यताभन्दा एक तह माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी भए २ अङ्क र द्वितीय श्रेणी भए १ अङ्क दिइनेछ। (श्रेणी नखुलेकोमा द्वितीय श्रेणी सरह अङ्क प्रदान गरिनेछ। GPA वा ग्रेडमा प्रकाशित शैक्षिक योग्यताको नेपाल सरकारको प्रचलित मूल्याङ्कन प्रणाली र सम्बन्धित विश्वविद्यालयको ग्रेडिङ प्रणाली अनुसार अङ्क प्रदान गरिनेछ।)

**थप विस्तृत द्रष्टव्य (Important Notes):**

1. वस्तुगत बहुवैकल्पिक प्रश्नहरूको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २०% (बीस प्रतिशत) अङ्क कट्टा गरिनेछ। तर उत्तर नदिएमा अङ्क कट्टा गरिनेछैन। बहुवैकल्पिक प्रश्नहरू हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइनेछैन।
2. यस पाठ्यक्रम अन्तर्गतका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून (ऐन, नियम) तथा नीतिहरू परीक्षाको मितिभन्दा ३ महिना अगाडिसम्म संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनुपर्छ।
3. सामान्य परीक्षा उत्तीर्ण गरेका उम्मेदवारहरूलाई मात्र विषयगत परीक्षामा सम्मिलित गराइनेछ। सामान्य परीक्षा र विषयगत लिखित परीक्षामा उत्तीर्ण उम्मेदवारको मात्र सीप परीक्षण लिइने छ,
4. विषयगत परीक्षामा न्यूनतम उत्तीर्णाङ्क वा सोभन्दा बढी अङ्क पाउने उम्मेदवारको सामान्य परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कको १०० प्रतिशत अङ्क जोडेर उम्मेदवारको रोल नम्बरको क्रमानुसार लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछ।
5. विषयगत प्रश्नका लागि तोकिएका अङ्कका हकमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरू (Short notes) सोध्न सकिनेछ।
6. विषयगत लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ।
7. यो पाठ्यक्रम गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि माडी गाउँपालिका भित्र लागू हुनेछ।
8. अन्तर्वार्ताको अङ्क दिँदा कुनै उम्मेदवारलाई ७०% भन्दा बढी र ३५% भन्दा कम दिनुपर्ने भएमा सोको स्पष्ट कारण खुलाउनुपर्नेछ।

**धन्यवाद।**

**प्रमुख प्रशासकीय अधिकृत**